

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यलेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ७१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १२ गते आइतबार ❑ 26 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## व्यवस्था फेरियो, प्रवृत्ति फेरिएन : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**

पोखरा, ११ चैत

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले लामो सङ्घर्षपछि राज्य व्यवस्था फेरिए पनि राजनीतिक र प्रशासनिक नेतृत्वमा पुरानै प्रवृत्ति हाबी रहेको बताउनुभएको छ।

शनिबार पोखरामा आयोजित गण्डकी प्रदेशको प्रदेश लोकसेवा आयोगको दोस्रो वार्षिकोत्सव समारोहमा बोल्दै उहाँले सङ्घीयतालाई संस्थागत गर्न प्रदेशलाई अधिकारसम्पन्न बनाउनुपर्ने धारणा राख्नुभयो।

"सङ्घीयताको मर्मअनुसार केन्द्रको अधिकार तल प्रत्योजन नगर्ने हो भने यो प्रणाली कमजोर हुन्छ", प्रदेश प्रमुख गुरुङले भन्नुभयो, "अहिलेको प्रदेश संरचना अधुरो किसिमको छ, यसलाई बलियो नबनाएसम्म जनअपेक्षाअनुसार काम गर्न सकिँदैन।" राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रमा देखिने गरेको केन्द्रमुखी प्रवृत्तिले सङ्घीय



व्यवस्थालाई स्थिर हुन नदिने उहाँले बताउनुभयो। सङ्घ सरकारले परराष्ट्र नीति, राष्ट्रिय सुरक्षाजस्ता संवेदनशील विषयबाहेकका अधिकार प्रदेशलाई दिनुपर्ने उहाँको भनाइ छ।

प्रदेश सरकारले सशक्त भूमिका खेल्न नसक्दा सङ्घीयतामाथि नै बेलाबखत टीकाटप्पणी हुने गरेको प्रदेश प्रमुख गुरुङले उल्लेख गर्नुभयो। उहाँले लोकसेवा आयोग नागरिकको सबैभन्दा बढी विश्वासिलो संस्थाका रूपमा स्थापित भएको बताउनुभयो। प्रदेश लोकसेवा आयोगले स्थापनाको छोटो अवधिमै प्रभावकारी कार्यसम्पादन गर्न सफल रहेको प्रदेश प्रमुख गुरुङले उल्लेख गर्नुभयो।

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले आयोगले आफ्नो विश्वसनीयता र निष्पक्षता गुमाउन नहुने धारणा राख्नुभयो। उहाँले आयोगको कामकारबाहीलाई सहज हुने गरी सरकारले प्रदेश निजामती सेवा ऐन ल्याएको उल्लेख गर्दै छिट्टै नियमावली बनाउने प्रतिबद्धता जनाउनुभयो। "लोकसेवा आयोगलाई चाहिने जनशक्तिदेखि भौतिकपूर्वाधारव्यवस्थापनमाप्रदेश सरकारले सहयोग गर्छ", मुख्यमन्त्री अधिकारीले भन्नुभयो। गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले आयोगलाई प्रभावकारी बनाउन सबै पक्षको सहयोगी भूमिका चाहिने बताउनुभयो।

लोकसेवा आयोगका पूर्वअध्यक्ष तीर्थमान शाक्यले संवैधानिक व्यवस्थाअनुसार प्रदेश लोकसेवा आयोग गठन भएको बताउनुभयो। प्रदेश संरचनालाई बलियो बनाउन सङ्घ सरकारले अधिकार र स्रोतसाधन उपलब्ध गराउनुपर्ने उहाँको भनाइ छ।

प्रदेश लोकसेवा आयोगका अध्यक्ष विष्णुप्रसाद नेपालले आयोगको आफ्नै भवन नहुँदा कार्यसम्पादनमा जटिलता थपिएको बताउनुभयो। उहाँले कानुनी प्रबन्धदेखि पूर्वाधार व्यवस्थापनमा प्रदेश सरकारले सहयोग गर्नुपर्ने बताउनुभयो। वार्षिकोत्सवका अवसरमा आयोगमा कार्यरत कम्प्युटर अधिकृत लक्ष्मीप्रसाद पोखरेललाई उत्कृष्ट कर्मचारीका रूपमा नगद रु सात हजारसहित पुरस्कृत गरिएको थियो।

## मुख्यमन्त्री अधिकारीको सरकारलाई मार्ग प्रशस्त गर्न कागेंसको आग्रह

**पोखरापत्र संवाददाता**

पोखरा, ११ चैत

गण्डकी प्रदेशमा अल्पमतमा परेका मुख्यमन्त्री खगराज अधिकारी नेतृत्वको सरकारलाई मार्ग प्रशस्त गर्न प्रमुख प्रतिपक्ष दल नेपाली कागेंसले आग्रह गरेको छ।

गण्डकी प्रदेश संसदीय दल नेपाली काग्रेंसका नेता सुरेन्द्रराज पाण्डे सहितको टोलीले शनिबार पोखरामा आयोजित पत्रकार सम्मेलन गरी मुख्यमन्त्री अधिकारीलाई अब नयाँ सरकार गठनको लागि मार्गप्रशस्त गर्न आग्रह गरेको हो। नेकपा माओवादी केन्द्रबाट सरकारमा गएका दुई मन्त्रीले राजीनामा सहित सरकार छाडेर समर्थन समेत फिर्ता लिएको एक दिन पछि कांग्रेसले अब अल्पमतमा परेको अधिकारीको नेतृत्व सरकारले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने दलका नेता पाण्डेको भनाई थियो। राष्ट्रपति निर्वाचनमा केन्द्रमा कांग्रेस, माओवादी केन्द्र सहितका दलको गठबन्धने भएसंगै प्रदेश सरकार समेत अल्पमतमा पर्ने स्थिती आएको हो। शुक्रबार माओवादीले समर्थन फिर्ता लिएपछि प्रदेश सरकार अल्पमतमा परेको र बहुमत



जुटाउने सम्भावना नभएकोले अब सरकारमा बस्नु उचित नहुने पाण्डेको भनाई छ। कामचलाउ सरकारले आर्थिक दायित्व सिर्जना गर्ने, कर्मचारी नियुक्ति सरुवा बढुवा लगायतको काम गर्नु न्यायसंगत नहुने उनले बताए।

अल्पमतमा परेको सरकारले रातरात भविष्यमा प्रदेशलाई आर्थिक भार हुने कुनै पनि आर्थिक दाहित्व सृजना गरेको खण्डमा त्यसको सम्पूर्ण जिम्मेवार नयाँ सरकारले लिन बाध्य नहुने पाण्डेले चेतावनी दिए। उनले भने "आज हामी नेपाली राजनीतिको फरक दृष्यमा प्रवेश गरेका छौं, निर्वाचनका बेलामा राजनीतिक दलहरु बीच भएका तालमेल, त्यसपछि बनेको सरकारमा भएको समीकरण, झण्डै दुई महिना पछि पुनः अर्को गठबन्धन हुँदै देशको राजनीति चलेको यहाँहरुलाई अवगत नै छ।" यति छिटोछिटो राजनीतिक मोर्चाबन्दी फेरबदल हुनु मुलुकलाई आवश्यक राजनीतिक स्थिरताका लागि हितकर नभएको बताएका पाण्डेले राष्ट्रपतिको निर्वाचनपछि फेरिएको राजनीतिक समीकरणले आफुहरुलाई अर्को बाटोमा लागेको जनाए। गण्डकीमा कांग्रेस सहित माओवादी केन्द्रको साथ पाएको खण्डमा कागेंसका पाण्डे मुख्यमन्त्री बन्ने प्रवल सम्भावना रहेको छ। गण्डकीमा कागेंसका २७, एमालेका २२, माओबादीका ८, राप्रपाका २, एक स्वतन्त्र सहित ६० जना सांसद रहेका छन्। गण्डकीमा नेकपा एमाले, माओवादी केन्द्र र राप्रपाको समर्थनमा एमालेका अधिकारी गत पुष २५ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए। अधिकारी प्रदेशका तेश्रो मुख्यमन्त्री भएका हुन्।

## एकै मञ्चमा सुनिए सरुभक्त र तीर्थ

**पोखरापत्र संवाददाता**

पोखरा, ११ चैत

कवि सरुभक्त र तीर्थ श्रेष्ठ शनिबार एकै मञ्चमा झुल्किनुभयो। पोखरामा जन्मेहुर्केका कविद्वयलाई नेपाली लेखक सङ्घ, गण्डकीले मञ्चस्थ गराएको हो।

'दौँतरी' नाम दिइएको कार्यक्रममा सुरुभक्त र तीर्थले आफ्ना चर्चित कविता सुनाउनुभयो। सरुभक्तले 'सपनाले सिसौको बोटमा आत्महत्या गर्दैछ', 'चट्टानहरू', 'एक किलो अक्षर', 'बम खसेको पहाड' बाटलगायत कविता सुनाउनुभयो। तीर्थले 'हिउँमा लेखिएका नामहरू', 'लाहुरे फूल म तिम्रो नाम फेर्न चाहन्छु', 'मातेको बेला'आदि प्रस्तुत गर्नुभयो। सरुभक्तले तीर्थको कविता 'आमा' वाचन गर्नुभयो। तीर्थले सुरुभक्तको 'कसरी नाम दिउँ म तिमीलाई' सुनाउनुभयो।

कविता पाठसँगै दुवैले सिर्जन-कर्मका अन्तरकुन्तर पनि खोल्नुभयो। विगततिर फर्किएर आफ्नै कविताका रचना गर्भ कोट्याए। उमेरले चार वर्षले तलमाथि भए पनि सुरुभक्त र तीर्थ पोखराका साहित्यिक दौँतरी हुनुहुन्छ। विसं २०१२ सरुभक्त र २०१६ तीर्थको जन्म वर्ष हो। उहाँहरूको मित्रता भने ४५ वर्ष लामो छ। विसं २०३५ देखि तीर्थ र आफूबीच सङ्गत सुरु भएको सरुभक्तले बताउनुभयो। 'हिउँमा लेखिएका नामहरू' कविता सुनाउँदै कवि तीर्थले सो कवितालाई सरुभक्तसँगको सम्बन्धको 'स्मारक'का रूपमा अर्थ्याउनुभयो।

सरभक्तले पनि तीर्थको उक्त कवितालाई आफूहरूबीचको मित्रताको निशानीका रूपमा लिनुभयो। सरुभक्तसँगै विसं २०५५ तिर पञ्चासे-भञ्ज्याङ पुगेर फर्केपछि तीर्थले उक्त कविता लेख्नुभएको थियो।

"पञ्चासेबाट फर्किँदा हिउँले बाटो सेताम्मे भएको थियो, गाउँलेले टेक्न दिएको लौरोले हिउँमा सुरुभक्तको नाम लेखेँ", तीर्थले भन्नुभयो, "त्यो यात्राले कविता जन्मायो, कविता लेख्नै मलाई छ महिना लाग्यो।" कवि तीर्थको उक्त कवितालाई छोटो तर शक्तिशाली मानिन्छ। साहित्यिक मञ्चमा उहाँले सुनाइरहने कवितामा पर्छ- 'हिउँमा लेखिएका नामहरू'।

हिउँमा रमाउँदै पञ्चासेबाट फर्कँदाको तस्बिर अझै पनि आफूसँग सुरक्षित रहेको सुरुभक्तले बताउनुभयो। संरक्षण कविता आन्दोलनताका आफूसँगै तीर्थ, विक्रम गुरुङ र अनिल रञ्चितकार पञ्चासे पुगेको उहाँले सम्झनुभयो। सुरुभक्तले तीर्थसँगको मित्राताबारे पोखराबाहिर पनि चर्चा हुने गरेको बताउनुभयो। "कुनै विषयमा सहमति-असहमति हुनु बेग्लै कुरा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## सुपर मादी जलविद्युत् आयोजना राष्ट्रिय विद्युत् प्रणालीमा जडान

**पोखरापत्र संवाददाता**

पोखरा, ११ चैत

कास्कीको मादी गाउँपालिका वडा नं १ र २ मा निर्मित सुपर मादी जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय विद्युत् प्रणालीमा जडान गरिएको छ।

कूल ४४ मेगावाटको जलविद्युत् आयोजनाको निमार्ण सम्पन्न गरी आन्तरिक परीक्षण भई आयोजनास्थलबाट १९ किलोमिटर दूरीमा रहेको लेखनाथ सवस्टेशनमा जडान गरिएको कार्यकारी अध्यक्ष पुष्पज्योति ढुङ्गानाले राससलाई जानकारी दिनुभयो। उहाँका अनुसार आयोजनाको बाँध, सुरुङमार्ग, विद्युत् गृहलगायत सम्पूर्ण क्षेत्रको काम सम्पन्न भइसकेको छ। आयोजना निर्माणमा रू आठ अर्ब ७० करोड खर्च भएको अध्यक्ष ढुङ्गानाले बताउनुभयो। विसं २०७५ मङ्सिरदेखि निर्माण थालेको बताउँदै उहाँले २०७८ चैतदेखि विद्युत् उत्पादन गर्ने लक्ष्य राखिए पनि कोरोना महामारी तथा २०७८ असार १ मा मादी खोलामा आएको बाढीलगायत कारणले केही समय ढिलो भएको उल्लेख गर्नुभयो। सुरुमा रू सात अर्ब ४७ करोड लागत भनिए पनि बाढी प्रकोप, बैंकको ब्याजदरमा आएको परिवर्तन, अर्थतन्त्रमा देखिएको तरलतालगायत कारणले उक्त

**बाँकी अन्तिम पृष्ठमा ▶▶**


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. -५२०६५१


## आत्मानन्द गिरिजीद्वारा किरियाकर्म भवनको उद्घाटन

**पोखरापत्र संवाददाता**

पोखरा, ११ चैत

पोखरा महानगरपालिका वडा नं १३ र १४ को सिमनामा निर्माण भएको पितृमोक्ष किरियाकर्म सेवा समिति भवनको शनिवार गलेश्वर आश्रम देवघाटधामका पिठाधिश अनन्तश्री विभूषित महामण्डलेश्वर स्वामी आत्मानन्द गिरिजी महाराजले उद्घाटन गर्नुभयो।



वि.पि मार्ग स्थित भवनको उद्घाटन गर्दै गिरिजी महाराजले जन्म मृत्यु गम्भीर दार्शनिक विषय भएकोले बुझ्न सजिलो छैन तर आत्मानन्दले यसलाइ सरल रुपमा प्रस्तुत गर्नुभयो। मानिस जन्म लिएपछि नै मर्ने प्रक्रियाको शुरुआत हुन जान्छ भने मर्ने विन्तिकै जीवनको शुरुआत पनि हुने चक्र चलिरहेको स्वामी महाराजले भन्नुभयो। मनुष्य अथवा जनावर जस्को मृत्यु भए पनि सोही रुप नभै फरक फरक रुपमा जन्मने महाराजले प्रष्ट पार्नु भयो। जिन्दमीमा सदैव टाँसिने जन्म र मृत्यु हो जुन प्रक्रियालाइ पितृमोक्ष भवनले ठुलो सहयोग पुग्ने उहाँले जोड दिनु भयो। शिक्षाप्रेमी तथा समितिका सल्लाहकार बजिरमान श्रेष्ठले स्वागत गर्दै सहयोग गर्ने दाताहरुलाइ मनै देखी स्मरणको गुच्छा पस्कदै धन्यवाद दिनु भयो। किरियाकर्म सेवा समितिका सचिव रवीन्द्र श्रेष्ठले समितिको भवन निर्माण कार्यमा भएको आम्दानी खर्चको विवरण प्रस्तुत गर्नुभयो।

पितृमोक्ष किरियाकर्म सेवा समितिका अध्यक्ष पुलेन्द्रमान श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं १४ का वडा अध्यक्ष वोधराज कार्की, वडा नं १३ का वडा सदस्य सुचिता तामाङ र समाजसेवी विमल बसेल लगायत वोलेको कार्यक्रममा शिक्षाविद् एवं समाजसेवी किशन भण्डारीले साहित्य मय लयमा कार्यक्रम संचालन गर्नु भएको थियो। कार्यक्रममा पितृमोक्ष किरियाकर्म सेवा समितिलाइ नगद तथा जिन्सि सामान उपलब्ध गराई सहयोग गर्नुहुने हृदयका धनी सहयोगीदाताहरुलाइ सम्मान पत्र सहित सम्मान गरियो।

# राज्यले सुकुम्बासीको समस्या समाधान गर्नुपर्छ : संसद श्रेष्ठ

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

प्रतिनिधी सभा सदस्य ढाका कुमार श्रेष्ठले राज्यले सुकुम्बासीको समस्या समाधान गर्नुपर्ने बताएका छन् ।

पोखरा महानगरपालिका ९ मा रहेको विभिन्न टोलका सुकुमबासीसंग अर्न्तक्रिया कार्यक्रममा उनले राज्यले सुकुमबासीको समस्या समाधान गर्ने पहल नगरेको बताएका छन् । अहिलेसम्म विभिन्न पार्टीले भोट बैक बनाएको भन्दै उनले आफुले सुकुम्बासीको समस्या समाधान गर्नको लागि लागि पर्ने सुनाए । कतिपय सुकुम्बासीले उपचार गर्ने पैसा पनि नपाउदा उनले आफुले निशुल्क उपचार गरेको अनुभव सुनाए। राज्य हरेक समस्याको हल गर्ने पक्षमा हुनुपर्ने उनको भनाइ छ । सुकुम्बासीको समस्याको बारेमा आफु जानकार रहेको भन्दै समस्या समाधानको लागि सक्दो पहल गर्ने बताए । पोखरा ९ पार्वती टोल विकास संस्थाका अध्यक्ष भिम बहादुर पुनले राज्यले शरणार्थीलाई भन्दा सुकुम्बासीलाई हेला गरेको बताए। 'शरणार्थिलाई भवन बनाएर बस्ती बसाएको छ,'पुनले भने, 'हामीलाई बस्ने जमिन पनि दिएको छैन कहिले हटाउने हो भन्ने थापा छैन ।' ३ पुस्ता सुकम्बासी भएर बस्दा सम्म राज्यले लालपुर्जा दिनमा ध्यान नदिएको पुनको भनाइ छ।

राधिका सिङ्खडा नेता देख्नेबित्तिकै आफुलाई लालपुर्जा दिन आएको जस्तो लाग्ने तर अहिलेसम्म निराश भएको बताइन । संयुक्त टोल विकास संस्थाका अध्यक्ष राजु परियारले सुकुम्बासी टोलमा विकासका योजना ल्याँउदा सुकुम्बासीलाई असर पर्ने गरेर काम गर्न नपाइने बताए । सुकुम्बासीसंग सहकार्य नगरी सुकुम्बासीबस्तीलाई असर गर्ने गरेर विकासका योजना अघि बढाउन नपाइने बताए । कृष्ण परियारले ५० वर्ष अघि सुकुम्बासी टोलमा स्थापना भएका स्कुलको नाममा जग्गा नपाएको गुनासो गरे ।

सुकुम्बासीको समस्या हल भएमा मात्र आफुहरुको जित हुने परियारको भनाइ छ । कृष्ण टोल बिकास संस्थाका अध्यक्ष कान्छा लामाले नारा जुलुस लगाउनुपर्ने ठाउँमा, आन्दोलन गर्नुपर्ने ठाउँमा मात्र सुकुम्बासीलार्य प्रयोग गरेको दुखेसो पोखे ।

राष्ट्रिय स्वतन्त्र पार्टिका प्रदेश सदस्य राजु राइले आफु सुकुम्बासी आन्दोलमासंगै रहेको जानकारी दिदै सुकुम्बासी आयोगमा बस्नेले नै सुकुम्बासीको समस्या समाधानमा ध्यान नदिएको बताए। सुकुम्बासीको समस्यासंगै आयोगमा बस्नेले अहिलेसम्म के भष्ट्र काम गरे यो विषयमा सबै बोल्नुपर्ने बताए।

# मिस्टर पोखराको उपाधि कास्कीका केसीलाई

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत




दोश्रो संस्करणको मिस्टर पोखराको उपाधि कास्कीका निश्चल केसीले जितेका छन्। पोखरा सभागृह हलमा शुक्रबार बेलुका अबेर सम्पन्न भएको एनएफबीएफ सिटि जिम दोश्रो मिस्टर पोखरा शारीरिक सुगठनको उपाधि जितेका केसीले अन्य ५ जना प्रतियोगिहरुलाई फाइनल राउण्डमा पछि पार्दै ट्रफी सहित नगद एक लाख ५० हजार पुरस्कार प्राप्त गरे ।

उनी पोखरा विन्ध्यवासिनी स्थित मोन्स्टर जिमका खेलाडी हुन्। केसीले ७५ केजी तौल समुहमा समेत उपाधि हात पारे । ७५ केजी तौल समुहमा सुरज विके दोश्रो र कृष्ण भण्डारी तेश्रो भए । त्यसै गरी ७० केजी तौल समुह तर्फ कास्कीका यमन्तराज गुरुङले उपाधि जिते । त्यसै गरी संजिव पुन दोश्रो हुदा उक्त विधामा गौतम राना तेश्रो भए । ७५ केजी भन्दा माथिको तौल समुहमा भएको प्रतिष्प्रर्धामा तनहुँका सन्तोष श्रेष्ठले उपाधि जिते । त्यसै गरी कुसल प्रसाद गुरुङ दोश्रो हुदा दिनेस थापा भने तेश्रो भए। ६५ केजी तौल समुहमा नवलपरासीका नवराज डुम्रे प्रथम, कपिल घलान दोश्रो र भानुभक्त कठारीया तेश्रो भए। ६० केजी तौल समुहमा रुपन्देहीका सुनिल आले प्रथम, जल बहादुर चौधरी दोश्रो र सामुयल गुरुङ तेश्रो भए। त्यस्तै ५५ केजी तौल समुहमा सुर्खेतका अमित रोका क्षेत्री प्रथम, रोहित श्रेष्ठ दोश्रो र आकाश गुरुङ तेश्रो भए ।

मेन फिजिक्स १७० सिएम उचाई भन्दा मुनिका खेलाडीहरु सहभागि प्रतिष्प्रर्धामा कास्कीका शुनिलशेन ठकुरीले उपाधि जितेका छन्। त्यसै गरी उक्त विधामा सुरेस गुरुङ दोश्रो र अनिल गुरुङ तेश्रो भए । मेन फिजिक्स १७० सिएम उचाई भन्दा माथिका खेलाडीहरु सहभागि प्रतिष्प्रर्धामा पर्वतका सिजन गुरुङ प्रथम, सविन गुरुङ दोश्रो र भिवन गौतम तेश्रो भए।

त्ससै गरी महिला तर्फको वेलनेस फिजिक्स बिधामा स्याङजाकी विनु जिटी पहिलो र रविना कुंवर दोश्रो भईन । कास्की बडिबिल्डिङ एण्ड फिटनेश एशोशिएसनको आयोजनामा उक्त प्रतियोगिता भएको एशोशियसनका सदस्य नुना गुरुङले बताए। प्रतियोगितामा गण्डकी सहित लुम्बिनी, कर्णाली र सुदुरपश्चिमाञ्चल गरी ४ प्रदेशका खेलाडी सहभागि भएको एशोशियसनका निवर्तमान अध्यक्ष राजु थापाले बताए। प्रतियेगितामा २ जना महिला सहित करिब ६० जना खेलाडीहरु सहभागि भएको उनले जनाए । विभिन्न ६ वटा तौल उमेरमा विजेता भएकाहरुलाई जनही २०/२० हजार उपविजेतालाई १२/१२ हजार र तेश्रो हुनेलाई ७/७ हजार साथमा शिल्ड मेडल प्रमाणपत्र वितरण गरिएको भएको एशोशियसन कास्कीका अध्यक्ष राकेश जोशीले बताए।

मेन र वुमन्स फिजिक्स तर्फको बिधाका बिजेताले भने जनही २५/२५ हजार पुरस्कार प्राप्त गरे भने दोश्रो हुनेले १२ हजार र तेश्रो हुनेले ७/७ हजार प्राप्त गरेका छन । विजयी खेलाडीहरुलाई प्रदेश खेलकुद परिषद गण्डकीका कार्यालय प्रमुख टोपलाल भुषाल, पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगी, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल, मुख्य निर्णायक राजेन्द्र तुलाधर, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी संघ कास्कीका अध्यक्ष राजन पौडेल लगायतले पुरस्कार वितरण गरेका थिए । संघले स्वास्थको लागि खेलकुद राष्ट्रका लागि खेलकुद भन्ने मुल नाराका साथ आयोजना गरेको उक्त प्रतियोगिताको उद्घाटन पोखराका मेयर धनराज आचार्यले गरेका थिए। पोखराको खेल पर्यटन प्रबर्द्धनमा यस्ता प्रतियोगिताले सहयोग पुग्ने उनको भनाई थियो ।

# आर्चरीको ओलम्पिक सोलीडारिटी प्रशिक्षक प्रशिक्षण पोखरामा सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत




पोखरा रंगशालाको आर्चरी प्रशिक्षण केन्द्रमा आर्चरी लेवन वान ओलम्पिक सोलीडारिटी प्रशिक्षक प्रशिक्षण सुरु भएको छ । नेपाल आर्चरी संघको आयोजना, नेपाल ओलम्पिक कमिटिको सहयोग, वर्ल्ड आर्चरी महासंघको प्राविधिक सहयोगमा शनिबार देखि उक्त प्रशिक्षण सुरु भएको संघका अध्यक्ष दीपकराज गुरुङले बताए ।

आर्चरी खेलको विकास र विस्तार गर्ने उद्धेश्यले यही चैत १७ गतेसम्म उक्त प्रशिक्षण पोखरामा हुने भएको उनले बताए । गण्डकी प्रदेश सहित कोशी प्रदेश, बागमती प्रदेश, सुदुर पश्चिमाञ्चल प्रदेश, विभागिय टोली शसस्त्र प्रहरी वल र नेपाली सेनाका समेत गरी १५ जना प्रशिक्षणमा सहभागि भएको अध्यक्ष गुरुङले बताए । कास्की जिल्ला आर्चरी संघको स्थानिय व्यबस्थापनमा भएको उक्त कार्यक्रममा ५ जना महिला सहभागि भएको संघ कास्कीका अध्यक्ष योगेन्द्र बहादुर शेरचनले बताए । वर्ल्ड आर्चरीका विज्ञ अल्जेरीयन प्रशिक्षक खालीद लामाण्डेले उक्त प्रशिक्षण गराउने भएको संघले जनाएको छ।

नेपालमा आर्चरी खेलको धैरै सम्भावना भए पनि प्रशिक्षक अभाव भएकोले उक्त कार्यक्रमले प्रशिक्षक उत्पादन हुने भएको संघका महासचिव रमेश प्रसाद शिवाकोटीले बताए । यसैबिच, एक साता चल्ने उक्त प्रशिक्षणको नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेज बहादुर गुरुङले उद्धघाटन गरेक थिए। कार्यक्रममा बोल्दै उनले यस्ता प्रशिक्षणमा सहभागिहरुले आफ्नो क्षेत्रमा खेलाडी उत्पादनमा लाग्न आग्रह गरे ।

## सुपर...

लागत बढ्न गएको आयोजनाले जनाएको छ । आयोजनाका अनुसार बाढीका कारण रू एक अर्बभन्दा बढी नोक्सानी भएको छ। मुख्य सुरुङको लम्बाइ करिब छ किलोमिटर रहेको र कमजोर भौगोलिक अवस्थाका कारण करिब आठ सय मिटर पेनस्टक पाइप सुरुङभित्र जडान गर्दा करिब २५ करोड लागत थपिएको जनाइएको छ। आयोजनाका लागि रू दुई अर्ब १० करोड शेयर पुँजी रहेको छ। बाँकी सानिमा विकास बैंकको अगुवाइमा राष्ट्रिय वाणिज्य बैंक, कुमारी बैंक, कृषि विकास बैंक, एभरेष्ट बैंक, प्रभु बैंक र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कं लि.को लगानी रहेको अध्यक्ष ढुङ्गानाले जानकारी दिनुभयो। वार्षिक २४२ दशमलव ६५ गिगावाट घन्टा बिजुली उत्पादन हुने आयोजनाको सुपर मादी हाइड्रो पावर लिमिटेड प्रवर्द्धक एवं सिभिल ठेकेदार फेवा कन्ट्रक्सन प्रालि, हाइड्रो मेकानिकल ठेकेदार माछापुच्छ्रे मेटल एण्ड मेसिनरी प्रालि र इलेक्ट्रो मेकानिकल ठेकेदार एशिया प्यासिफिक पावर टेक प्रालि र परामर्शदाता सानिमा हाइड्रो एण्ड इञ्जिनियरिङ कम्पनी रहेका छन्।

## व्यवस्था...

भयो, नत्र हामीबीच जहिल्यै निःस्वार्थ र हार्दिक सम्बन्ध छ", उहाँले भन्नुभयो । कवि तीर्थले सुरुभक्तसँग भेट भएपछि जीवनमा धेरै कुरा भेटिएको बताउनुभयो । पोखरेली युवा सांस्कृतिक परिवारलाई आकार दिनेदेखि कैँयन साहित्यिक अभियान र सिर्जनात्मक काममा आफूहरू सँगसँगै रहेको उहाँले उल्लेख गर्नुभयो । पोखरेली वाङ्मयिक जगतमा सरुभक्त र तीर्थ पर्यायवाची जस्तै हुनुहुन्छ । दुवै पोखरामा रहेर पनि राष्ट्रियस्तरमा छवि उठाएका प्रतिभा हुनुहुन्छ। दुई घण्टा बढी चलेको कार्यक्रमको सहजीकरण सङ्घका अध्यक्ष डा ईश्वरमणि अधिकारीले गर्नुभएको थियो।

'दौँतरी' शृङ्खलाको शुभारम्भ दुई प्रसिद्ध कविबाट गर्न पाउँदा गौरवको अनुभूति भएको अध्यक्ष अधिकारीले बताउनुभयो। 'दौँतरी'को आउँदो भागमा दुई मुक्तककारलाई प्रस्तुत गर्ने सङ्घको तयारी छ। "वर्षमा दुई वटा शृङ्खला चलाउने सोचिरहेका छौँ", अध्यक्ष अधिकारीले भन्नुभयो।

# अन्नपूर्ण म्याराथनको तेस्रो संस्करण जेठ २० गते

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत




अन्नपूर्ण आधारशिविरदेखि घान्द्रुकसम्म (१४२.१९५ कि.मी.) को अन्नपूर्ण म्याराथन आउँदो जेठ महिनामा हुने भएको छ।

अन्नपूर्ण प्रथम हिमाल आरोहण दिवसको सन्दर्भमा सेन्चुरी पर्यटन समितिले अन्नपूर्ण म्याराथनलाई निरन्तरता दिन लागेको हो । कोभिड १९ का कारण दुई वटा संस्करण स्थगित भए पनि समितिले यसपपटक अन्नपूर्ण म्याराथनलाई निरन्तरता दिन लागिएको शुक्रबार घान्द्रुकमा आयोजित छलफल कार्यक्रमलाई सम्बोधन गर्दै समितिका अध्यक्ष ललित गुरुङले जानकारी दिए।

घान्द्रुक पर्यटन व्यवस्थापन समितिको संयोजनमा आयोजित छलफलमा स्थानीय पर्यटन व्यवसायीले म्याराथनलाई सफल पार्न एकजुट भएर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका छन् । अन्नपूर्ण आधार शिविरको पर्यटन पूर्वाधार निर्माण गरी पर्यटन प्रवर्द्धन गर्न विगतमा निरन्तर पर्यटन महोत्सव र अन्नपूर्ण म्याराथन गर्दै हुँदै आएको थियो। प्रतिकूल परिस्थितिका कारण गतबर्षका कार्यक्रम स्थगित भए पनि यस पटक पूर्वनिर्धारित समय अनुसार नै कार्यक्रमलाई निरन्तरता दिइने समितिका सचिव मिकास गुरूङले बताए । वि.सं. २०७५ फागुन १५ को हिमपातबाट अन्नपूर्ण आधारशिविरमा आएको हिमआँधिले अन्नपूर्ण आधारशिविरका होटलमा भएको गम्भीर क्षति, नेपाल भ्रमण वर्ष २०२० घोषणा भए लगत्तै अन्नपूर्ण पदयात्रामार्ग अन्तर्गत हिन्कु केभमा हिम पहिरोका कारण भएको दुःखद घटना र विश्वव्यापी कोभिड-१९ को संक्रमण र त्यसको नियन्त्रण लागि अपनाइएको निषेधाज्ञाका कारण त्यस क्षेत्रको पर्यटन व्यवसायसँगै देशको सम्पूर्ण अर्थतन्त्रमा समेत गम्भीर असर परेको छ। पर्यटन क्षेत्रलाई धाराशायी हुन नदिनका विषेश राहत प्याकेज कार्यक्रम सञ्चालन गरी अर्थतन्त्रको सवलीकरण गर्न स्थानीय, प्रदेश र संघ सरकारसँग विशेष अनुरोध गर्ने समितिले जनाएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# कुँवर फटाफट प्रहरी प्रमुख

नेपाल प्रहरीको प्रमुखमा पुराना अनुभवी हटेर नेतृत्वको कम अनुभव भएकाले नेतृत्व लिने क्रम रोकिएको छैन । नेपाल प्रहरीको ३० औं प्रमुखमा वसन्त कुँवर नियुक्त भएका छन । ३० वर्षको सेवा अवधिका कारण आइजिपी धिरज प्रताप सिंह सहिसहित ३ जना एआइजीपी,३ जना डिआइजी र २ एसएसपी अवकाश भएका छन । सत्ता गठबन्धनका दलहरू सरकारमा सामेल नभएको बेला वरियता मिचिने आशंका हटाएर कुँवर प्रहरी प्रमुख हुन सफल भएका छन।कुँवरले शनिबारबाट नेतृत्व सम्हालेका छन। ३० वर्षे सेवा अवधि हटाएर कार्यकाल लम्ब्याउन महानिरीक्षक सिंह र उनका ब्याचीले प्रयास गरे पनि सरकारले हालकै प्रावधानअनुसार नयाँ नेतृत्व चयन गरेको छ । अघिल्लो पटकको जस्तो मुद्दा मामिलामा नफसेर निर्णय लिनु पनि सुखद मान्नुपर्ने भएको छापुरानै व्यवस्था कायम रहेपछि २०४९ चैत ११ मा सेवा प्रवेश गरेका महानिरीक्षक सिंहसहित ३ एआईजी, ३ डीआईजी र २ एसएसपीले एकै पटक अवकाश पाएका छन। आईजीपी प्रतिस्पर्धामा कुँवरसहित एआईजीहरू टेकप्रसाद राई, दीपक थापा, श्यामलाल ज्ञवाली र किरण वज्राचार्य थिए । सरकारले एआईजी वरीयतामा पहिलो नम्बरमा रहेका कुँवरलाई बढुवा गरेर विवादमा परेन ।

२०२६ चैत १५ मा अर्घाखाँचीको सन्धिखर्कमा जन्मिएका उनी २०५१ चैत ५ मा निरीक्षकबाट सेवा प्रवेश गरेका हुन । अहिलेको सेवा अवधि कायम रहे उनी २०८१ चैतमा अवकाशमा जानेछन् । २०६३ भदौ ८ मा डीएसपी, २०७१ फागुन १० मा एसपी, २०७५ फागुन ६ मा एसएसपी र २०७९ असार १७ मा डीआईजी बनेका उनले विभिन्न जिल्लाका अलावा प्रहरी प्रधान कार्यालय र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा बसेर काम गरिसकेका छन् । २०७३ मा चितवन प्रहरी प्रमुख रहँदा सर्वोत्कृष्ट जिल्ला प्रहरी प्रमुखको अवार्ड पाएका थिए । उनी गएको असार १७ मा एसएसपीबाट डीआईजीमा बढुवा भएका थिए । डीआईजीमा बढुवा हुँदा उनी काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको प्रमुख थिए । गत फागुन २६ मा उनीसहित पाँच जना डीआईजीबाट एआईजीमा सिफारिस भएका थिए । त्यसको २ साता नबित्दै कुँवर प्रहरी नेतृत्वमा आएका छन ।

पुराना अधिकृतहरू पदावधि र उमेरभन्दा ३० वर्षे सेवा अवधिबाट अवकाशमा जानुपर्ने बाध्यताले एकै पटक अनुभवी जनशक्तिको रिक्तता प्रहरीमा देखिएको छ । आईजीपी सिंहसहित एआईजीहरू सहकुलबहादुर थापा, उत्तमराज सुवेदी, दिवेश लोहनी, डीआईजीहरू नलप्रसाद उपाध्याय, मोहनकुमार आचार्य, मसाउद आलम खाँ तथा एसएसपीहरू उमाशंकर पञ्जियार र जनक पाण्डेको बिदाइ भएको छ । बढुवापछि निश्चित पदमा बसेर निश्चित अवधिसम्म अनुभव बटुल्न नपाउँदै सिधै नेतृत्वमा पुग्दा त्यसको असर नीतिगत तह र प्रशासनिक एवं शान्तिसुरक्षा व्यवस्थापन र जनशक्ति परिचालनमा देखा पर्ने गरेको छ।एक वर्षको अवधि पूरा नहुँदै तीन पटक बढुवा गर्नुपर्ने बाध्यता ३० वर्षे अवधिले ल्याएको हो ।एक पटक मुद्दा मामिला सहेर ३० वर्षे अवैज्ञानिक प्राबधान हटाएको भए यसबेलासम्म एआईजीमा पुगेकाहरूमा जिम्मेवारीमा परिपक्वता हुन्थ्यो। गत असार १६ सम्म एसएसपी रहेका अधिकृत त्यसपछिको ९ महिना नबित्दै डीआईजी, एआईजी र आईजीपीमा बढुवा हुने अवस्था सृजना हुनु प्रहरी संगठनलाई कमजोर बनाउनु हो ।

सेवा र सर्तका प्रावधान ऐनमै समेट्न सर्वोच्च अदालतले दिएको परमादेशको पनि पालना भएको छैन । जसले गर्दा अवैज्ञानिक ३० वर्षे प्रावधानले संगठनमा अनुभवी अधिकृतहरूको रिक्तता पैदा भएको छ । यसलाई कानुनमै समेटेर सेवा अवधि हटाउन सरकारले तदारुकता देखाएको छैन । नेतृत्वमा पुगेका अधिकारीहरूले आफू अवकाशमा जाने बेला आफैंलाई लाभ हुने गरी सेवा अवधि थप्ने प्रयास गर्दा नेतृत्वको मुखमा पुगेका अधिकृतहरू विरोधमा उत्रिने गरेका छन। यही समस्या पहिले विरोध गर्नेहरू अवकाशको मुखमा पुनः ३० वर्षे हटाउन लागिपरेका दृष्टान्त थुप्रै छन् । २०४९ फागुनमा तत्कालीन सरकारले ३० वर्षे प्रावधानका नाममा सुरु गरेको खेल अहिले पनि विवादको घेरामा छ । गृहमन्त्री हुँदा शेरबहादुर देउवाले महानिरीक्षक रत्नशमशेर राणालाई ३० वर्षे सेवा अवधि लगाएर अवकाशमा पठाएका थिए । उनीपछि मोतीलाल बोहरा नेतृत्वमा आए । त्यसपछि सेवा अवधि पुनः हटाएर अवकाशमा जान उमेर र पदावधि लगाइयो ।

२०६२/६३ को जनआन्दोलनपछि नेतृत्वको मुखमा पुगेका एआईजी राजेन्द्रबहादुर सिंहलगायतलाई अवकाशमा पठाएर सरकारले निकटका व्यक्तिलाई प्रहरी नेतृत्वमा ल्याएको थियो । ओमविक्रम राणा ३० वर्षे प्रावधानकै कारण आईजीपी बने । राजनीतिक स्वार्थ र दलाल ,विचौलीयाको कारण प्रहरी देखि हरेक क्षेत्र कमजोर बन्दै गएको छात्यसलाई सुधार्न राजनीतिक ,प्रशासनिक र न्यायिक नेतृत्व तयार हुनेगर्छ ।तीनवटै नेतृत्व तयार भएमा मिडिया र नागरिक समाजले पनि बैज्ञानिक र राम्रो प्रणाली बसाल्न सघाउनेछन ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भन्नुहोस् ।


# प्रेस क्लब गण्डकीले अन्तरक्रियात्मक छलफल कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

प्रेस क्लब गण्डकीको पोखरामा बसेको क्लबको बैठकले नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिम्सिना पंगेनी, महासंघकै पूर्व केन्द्रीय सदस्य सुष्मा कुमारी पौडेल र नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनालाई सल्लाहकारमा चयन गरेको मञ्चका अध्यक्ष एकराज गिरीले जानकारी दिए ।

यसैगरी मञ्चले यहीं चैत्र १३ गते सोमबार 'कोभिड-१९ पछिको पोखराको रंगमञ्च र अबको बाटो' शिर्षकमा अन्तरक्रियात्मक छलफल कार्यक्रम गर्ने भएको छ । बिहान ८ बजे पोखरा थिएटरमा आयोजना हुने कार्यक्रमा वक्ताको रुपमा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ जसमाया गुरुङ जसु, पोखरा थिएटरका अध्यक्ष परिवर्तन, इन्द्रेणी थिएटरका अध्यक्ष केदारनाथ पौडेल रहेका छन् । कार्यक्रमको सहजीकरण पत्रकार राजाराम पौडेलले गर्ने प्रेस क्लब गण्डकीले जनाएको छ ।

कार्यक्रम पोखरा प्रज्ञा प्रतिष्ठान र पोखरा थिएटरसँगको सहकार्यमा हुन लागेको हो । यस अगाडि प्रेस क्लबले 'स्ववियु आवश्कता र औचित्य' विषयक अन्तक्रिया कार्यक्रम समेत आयोजना गरेको थियो ।

प्रेस क्लव गण्डकीको हालै प्रथम अधिवेशनले एकराज गिरीको अध्यक्षतामा कार्यसमिति चयन गरेको थियो । जसको उपाध्यक्षमा राजाराम पौडेल, सचिवमा गौरव त्रिपाठी, कोषाध्यक्षमा राजु गिरी र सहसचिवमा दीपा पौडेल भण्डारी छन् । कार्यसमिति सदस्यमा आशिष पुरी र संकल्प ढुंगाना छन् ।

# नेपाल रोड रेसिङ च्याम्पियनसिपको उपाधि लामालाई

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

काठमाडौंका आसिक लामाले नेपाल रोड रेसिङ च्याम्पियनसिप २०२३ को उपाधि हात पारेका छन्। सहासिक खेलकुदको नगरी पोखरा स्थित पोखरा रंगशालामा पहिलो पटक भएको उक्त प्रतियोगितामा राइडर नम्बर ०८ का लामाले अन्य प्रतियोगिहरुलाई पछि पार्दै उपाधि हात पार्न सफल भएका हुन्।

उनले उपाधिको साथमा नगद ७७ हजार ७ सय ७७ रुपैया समेत प्राप्त गरे । त्यसै गरी राइडर नम्बर ४६ का काठमाण्डौंका राइडर राजकुमार कार्की दोश्रो र राइडर नम्बर ५२ का काठमाण्डौं निवासी युकेस थापा तेश्रो भए । प्रतियोगितामा दोश्रो भएका कार्कीले ५५ हजार ५ सय ५५ र तेश्रो भएका थापाले भने ४४ हजार ४ सय ४४ रुपैया नगद हात पारे । त्यसै गरी नोभिस (जुनियर तर्फ) को विधामा पनि काठमाण्डौंका राइडरको वर्चश्व जमाए । उक्त विधामा काठमाण्डौंका राइडर नम्बर ३३३ नम्बरका निमेश ठकुरी प्रथम भएका छन्। त्यसै गरी काठमाण्डौंकै राइडर नम्बर ०२ का दीलीप दनवार दोश्रो र १० नम्बर राइडरका काठमाण्डौं निवासी मंगेश जोसी तेश्रो भए । विजेतालाई ७७ हजार ७ सय ७७, उपविजेतालाई ५५ हजार ५ सय ५५ र तेश्रो हुनेलाई ४४ हजार ४ सय ४४ रुपैया प्रदान गरिएको मोटर स्पोट्स नेपालका उपाध्यक्ष आसिस मानले बताए । प्रतियोगितामा राष्ट्रिय स्तरको रोड रेसमा १६ जना र नोभिस तर्फको बिधामा भने ४८ जना राइडरहरुले सहभागि जनाएको नेपाल अटो मोवाइल एशोशियसन (नासा) नेपालका सचिव सन्तोष न्यौपानेले बताए । प्रतियोगिहरुले शुक्रबार छनौट चरणको प्रतिष्र्धा गरे भने दोश्रो दिनमा फाइनल चरणकै रेस सम्पन्न गरेको उनले जनाए । प्रतियोगिताको विजेतालाई भने अन्तराष्ट्रिय प्रतियोगितामा सहभागितागराइनेभएकोन्यौपानेले जनाए । मोटर स्पोट्स नेपाल र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा पोखरामा उक्त प्रतियोगिता पहिलो पटक भएको हो । यस अघि पोखरामा मोटरको रोड सो, रेस्लीङ मात्र प्रर्दशन भएको उनले जनाए । पोखरामा सहासिक खेलको प्रबर्द्धन गर्न पनि पोखरामा उक्त प्रतियोगिता आयोजना गरिएको पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले बताए । उक्त प्रतियोगिता राखेपको सहयोग तथा यामाहा आर–१५ को मुख्य प्रयोजनमा भएको हो ।

# अन्नपूर्ण पदमार्गमा तीन महिनामा साढे दुई हजार पर्यटक

**पोखरापत्र संवाददाता**
लमजुङ, ११ चैत

चक्रीय अन्नपूर्ण पदमार्गमा तीन महिनामा दुई हजार चार सय ७५ विदेशी पर्यटक आएका छन् । सन् २०२३ को जनवरीदेखि हालसम्म सो सङ्ख्यामा विदेशी पर्यटक आएका हुन् ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच केन्द्र धारापानीका पर्यटन सहायक क्षेत्रबहादुर गुरुङका अनुसार यतिबेला दैनिक ४०/५० जना पर्यटक आउने गरेका छन् । "यस पदमार्गमा यतिबेला कम कम नै पर्यटक आइरहेका छन्, विश्वमा देखा पर्दै गएको आर्थिकमन्दीका कारण हुनसक्छ", गुरुङले भन्नुभयो । कोरोना सङ्क्रमणपछि विगतमा आएकोझैं पर्यटक हालसम्म आएका छैनन् । पर्यटकको कमीले पदमार्गका पर्यटन व्यवसायी चिन्तित छन् । जुर्मुराउँदै गरेको पर्यटन व्यवसाय कोरोना सङ्क्रमणले लामो समय ठप्प भयो, सङ्क्रमण हटेयता विगतमा झैं पर्यटक आउन नसकेको व्यवसायी पञ्चबहादुर गुरुङले बताउनुभयो ।

हिमाली, पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न र मनाङबाट थोराङ भञ्ज्याङ उक्लेर मुस्ताङ हुँदै पोखरा जान अन्नपूर्ण पदमार्गमा पर्यटक आउछन् । मनाङका विभिन्न हिमाल तथा चुली चढ्न तथा हेर्न पर्यटक भित्रिन्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बेँसीसहर नगरपालिका-७ मनाङे चौतारा हो । यस पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी जिल्ला जोडिएको छ ।

# बुद्ध विशाल बजारको रक्तदान कार्यक्रममा ५१ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत



बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले आफ्नो रजत महोत्सवको अवसर पारेर आयोजना गरेको रक्तदान कार्यक्रममा ५१ युनिट रगत संकलन भएको छ ।

कार्यक्रममा पोखरा महानगरपालिका ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले पहिलो रक्तदाता रमेश घर्ती मगरलाई ब्लड ब्याग हस्तान्त्रण गरी कार्यक्रम उद्घाटन गरेका थिए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगरपालिका ९ का वडा अध्यक्ष दिपेन्द्र मर्सानीले सवैभन्दा ठुलो दान रक्तदान कार्यक्रम आयोजना गरेकोमा एशोसियसनलाई धन्यवाद दिदै आफ्नो तर्फबाट एशोसियसनलाई के कस्तो सयोग तथा सल्लाहको आवश्यकता पर्छ परेमा आफ्नो तर्फबाट सयोग गर्ने प्रतिवद्वता प्रकट गरेका थिए । रक्तदान कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका अध्यक्ष केशव बहादुर खत्रीले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले आफ्नो रजत महोत्सवको अवसर पारेर यो वर्ष विभिन्न कार्यक्रमहरू गरिरहेको बताउदै रगत पैसा तिरेर पनि पाँईदैन, पसलमा किन्न पनि पाइँदैन, बेलैमा रगत नपाएमा मान्छेको जीवन जोखिममा पर्ने बताउदै अध्यक्ष खत्रीले बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले सामाजिक उत्रदायित्व बहन गर्दै नवौ पटक यो रक्तदान कार्यक्रम आयोजना गरीएको बताए । उक्त रत्तदान कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका महासचिव बुद्धी बहादुर कुवंरले सन्चालन गरेका थिए भने बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका उपाध्यक्ष ईन्द्रराज अर्यालले रक्तदान कार्यक्रममा सहभागी सवैमा स्वागत गर्दै आगामी दिनहरुमा पनि सवैको साथ र सयोग हुने बताए । कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनका मानार्थ सदस्य सुदीप ढकाल सल्लाहकार शिव शर्मा लगाएतले मन्तब्य राखेका थिए । कार्यक्रममा रक्त संचार केन्द्र पोखराको प्राविधिक टोलिले बिशेष सयोग गरेको थियो ।

# प्रदेश सरकारको प्रथामिकतामा परेन अपाङ्गता र सामाजिक क्षेत्रका सवाल

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत




राष्ट्रिय अपाङ्ग महासंघ नेपाल गण्डकी प्रदेशले आयोजना गरेको समावेशी स्वास्थ्य पुनर्स्थापना सेवामा सरोकारवाला निकायहरुको भुमिका बिषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले अपाङ्गताको सवाल र सामाजिक बिषयसंग जोडिएको कुरा प्रदेश सरकारकको प्रथामिकतामा नपरेको जनाएका छन ।

प्रदेश सरकार सामाजिक बिकास तथा स्वास्य मन्त्रालयका मननिय मन्त्री पञ्चराम गुरुङकको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री तथा मन्त्री परिषको कार्यलयका सचिव मनमाया भट्टराईले अपाङ्गतामा गरिने लगानीलाई पैसा संग तुलना गरेर हेर्ने गरिएको र यसले राज्यलाई दिर्घकाल सम्म असर पार्ने बिषय औल्याइन्रा राज्यले नागरीकहरुको आवस्यकता के हो? कसरी सेवा पुरयाउने हो।भन्ने बिषयमा सोचनुपर्ने भएता पनि हामि कहाँ त्यसो हुन नसकेको र यसले अपाङ्गता भएका व्यक्तिहरुले पाउनुपर्ने स्वास्थ्य जस्तो आधार भूत सेवाबाट समेत बन्चित हुनुपरेको जनाउँदै यसले राज्यको दिर्घकालिन बिकासमा बाधा सिर्जन गर्ने बताइन् । राज्यको निर्णायक तहमा रहेकाहरुको सौँचमा परिवर्तन हुनु जरुरी रहेको र अपाङ्गतालाई सोच्ने तरिकामा नबिनता ल्याउने हो र उनिहरुको स-साना आवस्यकताहरु पुरा गर्ने हो भने उनिहरूको बिकास गर्न कुनै कठिन नहुने धारणा ब्यक्त गरिन् ।

कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रदेशका मन्त्री पञ्चराम गुरुङले प्रदेश सरकारको बजेट हेर्ने हो भने हाल भौतिक पुर्वाधारमा ३८ प्रतिशत रहेको तर अपाङ्गता लगायतका सामाजिक कार्यहरुमा गर्ने लगानी बल्ला बल्ला १२ प्रतिशत मात्र रहेको जानकारी गराउँदै अपाङ्गता भएका व्यक्तिहरुको सेवा प्रवाहामा यो बजेट प्रयाप्त नहुने धारणा राखेका थिए। बिकास अपाङ्गता भएका व्यक्तिहरुका आवस्यकता ठुला र पुरा गर्न नसिने खालको नभएको तर सरकार रहनेहरुले यस्तो बिषयलाई प्रथमिकता नदिदा यो समस्या बन्न पुगेको गरुङ्गको धारणा रहेको थियो । कार्यक्रममा उठेका स्वास्थ्यका सवालहरु पुरा गर्न सकिने खालको भएको र अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य पुनर्सृथापनाको लागी प्रदेशको बजेट बढाउन र सानो लगानिमा हन सक्ने कामहरु तत्काल गर्नकोलागी केही दिनमा नै आफुले सचिबहरुसंग छलफल गर्ने र यसलाई प्रथमिकताकासाथ अगडी बढाउने प्रतिवदता समेत मन्त्री गुरुङ्गले ब्यक्त गरे।

कार्यक्रमलाई सम्वोधन गर्दे इन्सेक कास्कीका प्रमुख शिव खकुरेलले प्रत्येक स्वास्थ्य संस्थामा साङ्केतिक भाषा दोभाषे सहितको छुट्टै अपाङ्गता डेक्सको स्थापना गरी एकै ठाउँवाट उपचार पाउने गरी एकिकृत स्वास्थ्य सेवाको बिकास गरिनुपर्नेमा जोड दिए। हाल स्थानिय तह र प्रदेश सरकारले भोट पाउनको लागी मठ मन्दिर भिउटावर बनाईरहेको र यस्ता कार्यको अन्तय गरी त्यस्ता खर्चलाई अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य पुनर्सृथापना सेवा प्रवाहामा खर्च गर्नुपर्नेमा सरकारको ध्यानाकर्षण समेत गरे। हरेक अपाङ्गता भएका व्यक्तिहरुले बिमा मार्फत सबैखालका उपचार पाउने ब्यवस्था मिलाई उनिहरुलाई स्वास्थ्य सेवाबाट वन्चित हुनबाट रोक्नुपर्नेमा उनको जोड रहेको थियो।

राष्ट्रिय अपाङ्ग महाँसंघ नेपालका अध्यक्ष देबिदत्त शर्माले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको लागी नीतिगत र कानुनी रुपमा धेरै प्रव्धानहरु रहेको भएता पनि कार्यक्रम र बजेटलाई हेर्ने हो भने उनिहरुको आवश्यकता पुरा हुने गरी बजेट बिनियोजन गर्न सरकार तयार नहुने अवस्था रहेको औल्याए। जति भौतिक पुर्वाधारको क्षेत्रमा सरकारको बजेट छ त्यती सामाजिक क्षेत्रमा नहुँदा मानव बिकास हुन नसकेको र यसले समाज बिकासमा हामिलाई पछाडी धकाली रहेको उनको धारणा रहेको थियो । राज्यले कानुन बनाउँदा म सबै निःशुल्क गर्छु भनेर कानुन बनाउने तर कार्यन्वयनको बेला भने स्रोतको अभाव रहेकको देखाएर उम्कन खोजने प्रवृती रहेकोले अपाङ्गता भएका व्यक्तिहरुको सवालहरु ओझेलमा परेको बताए ।

अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य पुनर्स्थापना सेवा प्रबाहा गर्नको लागी प्रदेश एवम संघिय अस्पतालहरुमा अपाङ्गता युनिटको स्थापना अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य सेवा प्रवाहा गर्नको लागी आवस्यक पर्ने जनशक्तिको बिकास गर्न प्रदेशले जोड दिनुपर्ने धारण उनको धारणा रहेको थियो । संघका सचिव कृष्ण प्रसाद अधिकारीले सञ्चालन गरेको उक्त कार्यक्रममा अध्यक्ष खोमराज शर्माले बिषय वस्तुको उठ्ठान गरेका थिए । भने अपाङ्गता भएका व्यक्तिहरु द्वारा सञ्चाललीत संस्थाका प्रतिनिधीहरुले अपाङ्गता भएका व्यक्तिहरुले भोग्नुपरेका स्वास्थ्य समस्याहरुबारे जानकारी गराएका थिए।महासंघ गण्डकी प्रदेशले केन्द्रिय अध्यक्ष देबिदत्त आचार्यको कार्यकालको शुभकामना सहित अद्यक्षमा निर्वाचित भएकोमा सम्मान पत्र द्वारा सम्मान समेत गरेको थियो ।

राष्ट्रिय अपाङ्ग महाँसंघ नेपाल गण्डकी प्रदेशको अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य पुनर्सृथापना सेवामा वकालतको लागी गएको ८ र ९ गते अपाङ्गता भएका व्यक्तिहरुको संस्थाका प्रतिनिधिहरुलाई दुईदिने अभिमुखिकरण कार्यक्रम समेत सम्पन्न गरेको थियो ।

# महेन्द्रपुल युथ क्लबको अध्यक्षमा आनन्द तभ्र्याकाजी

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

महेन्द्रपुल युथ क्लबको शनिबार सम्पन्न विशेष भेलाबाट आनन्द तभ्र्याकाजीको अध्यक्षता नयाँ कार्य समिति चयन गरेको छ।

क्लबका अध्यक्ष विष्णुमान कायस्थको अध्यक्षतामा बसेको भेलामा सल्लाहकार मानकाजी माकाजूबाट नयाँ कार्यसमिति गठन गरिएको थियो । सम्पूर्ण कार्य समिति सर्वसम्मतबाट गठन गरिएको छ । यसैगरी अध्यक्षमा आनन्द तभ्र्याकाजी, उपाध्यक्षमा बिकल साई, सचिवमा राजु कायस्थ, कोषाध्यमा सुनिल श्रेष्ठ, सह-सचिबमा कृष्ण मानन्धरमा, सह-कोषाध्यमा मोहित श्रेष्ठ रहेका छन् । साथै सदस्य पदमा सुमन मर्सानी, रोशन महर्जन, दिपक मुल्मी, रबिन मानन्धर, सैगल जोजेजु रहेका छन् । कार्यक्रममा नवनिर्वाचित क्लबका आनन्द तभ्र्याकाजी ले बिगतमा क्लब अग्रजहरुले देखाएको मार्ग दर्शन र समय अनुकुल रचनात्मक कार्यमा क्लवलाई अगाडि लैजानै धारणा राख्नुभएको थियो ।



# पोखरामा पहिलोपटक 'फेसन डिजाइनर कन्टेष्ट तथा फेसन सो' कार्यक्रम आयोजना हुदै

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

पोखरामा फेसन डिजाइनर कन्टेष्ट तथा फेसन सो कार्यक्रम हुने भएको छ।

नयाँ बर्षको अबसर पारेर वाउ इभेन्ट्सको आयोजना एवम् वाउ फेसन स्कुलको समन्वयमा पोखराको लेकसाइड स्थित त्रिपुरा लाउन्ज एण्ड बारमा चैत्र ३० गते कन्टेष्ट तथा फेसन सो गर्न लागेको फेसन सो कार्यक्रमका संयोजक रबिन गरुङले जानकारी दिए। फेसन प्रति लगाव हुनेहरुको प्रतिभा प्रष्फुटन गर्ने हेतुले कार्यक्रम आयोजना गरिएको गुरुङले बताए । उनका अनुसार फेसन सो कार्यक्रम समाजमा समस्यामा परेका आर्थिक अवस्था कमजोर भएकाहरुको लागि सहयोग पुग्ने उदेश्यका साथ आयोजना गरिएको हो । कार्यक्रम पश्चात् वाउ स्कुलले १० जना महिलालाई निशुल्क फेसन डिजाइन अध्यन गराउने पनि गरुङले बताए ।

फरक खालको थिममा पोखरामा नै पहिलोपटक हुन् लागेको फेसन सो कार्यक्रममा फेसन डिजाइनमा अध्यनरत डिजाइनरहरु काठमाडौं, पोखरा, धरान, इटहरी, बाग्लुङ लगायतबाट ९० जना फेसन बिधार्थी बीच डिजाइनर प्रधिस्पर्धा हुनेछ । फेसन सो कार्यक्रममा डिजाइनर प्रतियोगिता बिधामाः डिजाइनर अफ द इयर पोखरा, काठमाडौं, धरान, इटहरी, बाग्लुङ लगायतको बिधामा अवार्ड प्राप्त गर्ने कार्यक्रम संयोजक गुरुङले बताए । कार्यक्रममा सोको विभिन्न कन्सेप्ट अनुसार फ्ल्यास ब्याग, फ्युचर स्ट्रिक, बाइडल, स्पिरिङ्ग, समर र एथोनिक थिममा १८ जना मोडलहरुलाई प्रस्तुत गरिने फेसन सो कार्यक्रमका कोरियो ग्राफर जयन्ती मोक्तानले जानकारी गराइन । यस्ता खालका फेसन सोःले मोडल एवम् डिजाइनरको बिकासलाई पनि सहयोग पुग्ने र भोलीका दिनमा उनीहरुलाई अगाडी बढ्न आत्मविश्वासमा सकारात्मक भुमिका खेल्ने भएकाले आफुहरुले कार्यक्रमको आयोजना गरेको मोक्तानले बताइन् ।

# पोखरा-१७ को हाजिरीजबाफ प्रतियोगीतामा प्रथम श्रीराम जानकी आमा समुह

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

महिला प्रतिभा प्रतिस्पर्धा लाई उजागर गर्न का निमित्त पोखरा महानगरपालिका वडा न. १७ को आयोजनामा हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरेको छ।

पोखरा महानगरपालिका वडा न. १७ मा रहेका आमा समूह बिच हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको हो । उक्त हाजिरीजबाफ प्रतियोगिता मा २० टिम को सहभागिता रहेको कार्यक्रम अन्तरास्ट्रिय पर्बतिय संग्रहालय,पोखरा-१७ रातोपैह्रा मा सम्पन्न भएको छ । गृहिणी महिला लाई वडा ले गर्नु पर्ने भुमिका सबै क्रियाकलाप मा सहयोग गर्ने बताउदै महिला हरु को लागि लुकेको प्रतिस्पर्धा लाई समाज मा देखाउन को सो कार्यक्रम गरेको र आगामी दिनमा किचन वाट हुने फोहोर लाई बर्गिकरण गर्ने योजना रहेको उक्त कार्यक्रम मा बताउदै गृहिणी महिला लाई सक्षम गराउने प्रतिबद्दता पोखरा १७ वडा अध्यक्ष राधिका शाहीले गरेकी छिन । कार्यक्रम को प्रमुख अतिथी पोखरा महानगरपालिका उप-प्रमुख मन्जु देबि गुरुङ ले यसरी महिलाहरु लाई यसरी प्रतियोगिता गर्दा महिला लाई थप हौसला मिल्ने जानकारी दिएकी छिन ।

उक्त प्रतियोगिता मा प्रथम जुनतारा आमा समूह भएको छ त्यस्तै श्रीराम जानकी आमा समुह द्धितिय, सन्चयकोस आमा समूह तृतिय र सान्तोना मा घारिकुलो आमा समूह भएका छन । सो प्रतियोगीता मा १०/१० समूह गरि प्रतियोगिता मा गरिएको थियो। १०/१० समूहमा ६ समूह बिजेता बनाइ प्रथम,दोस्रो र तेस्रो छुट्याइएको हो। सो प्रतियोगीता मा प्रथम चरण मा तिन समूह लाई बिजेता निकालियो र दोस्रो चरण मा चार जना गरि प्रथम र दोर्सो चरणमा भएका सात समुह लाई फाइनल राउण्ड मा प्रथम, दोस्रो, तेस्त्रो र सान्तोना छुट् याइएको हो ।

सो कार्यक्रम को संचालन पोखरा महानगरपालिका वडा न १७ वडा सचिब मन्जु ढुंगाना र सुचना अधिकारी प्रमिला सुबेदि द्वारा भएको थियो । साथै उक्त प्रतियोगिता मा आर्थिक सहयोग पोखरा महानगरपालिका सामाजिक महाशाखा ले गरेको थियो । कार्यक्रम को संयोजक सर्मिला सुवेदीको रहेको थियो । उक्त कार्यक्रम मा पोखरा महानगरपालिका वडा न. १७ का नागरिक र बुद्धिजीवी र जनप्रतिनिधि को उपस्थित रहेको थियो ।

# पोखरा स्पोर्ट्स अवार्डको लागि विभिन्न उपसमिति गठन

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

सातौं संस्करणको 'पोखरा स्पोर्ट्स अवार्ड २०७९' मुल आयोजक समितिको संयोजकको जिम्मेवारी नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको अध्यक्ष दीननाथ बराललाई तोकिएको छ।

शनिबार वरपिपल रेष्टुरेन्ट नदिपुर पोखरामा भएका मञ्चका सदस्यहरुको भेलाले बराललाई संयोजक तोकेको हो । सोही भेलाले मञ्चका महासचिव राजाराम पौडेललाई मुल आयोजक समितिको सह-संयोजकको जिम्मेवारी प्रदान गरेको छ। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीको आयोजनामा आगामी बैशाख २३ गते शनिबार पोखरा सभागृह हलमा आयोजना हुने अवार्ड कार्यक्रमलाई सफल बनाउन विभिन्न उपसमितिको संयोजक समेत भेलाले चयन गरेको छ । जस अनुसार मुल्याकंन तथा अनुगमन उपसमिति संयोजकमा मञ्चका संस्थापक अध्यक्ष रामकृष्ण ज्ञवाली, अन्तराष्ट्रिय समन्वय उपसमिति संयोजकमा मञ्चका पूर्व अध्यक्ष केशव पाठक, अतिथि सत्कार उपसमिति संयोजकमा मञ्चका निर्वतमान अध्यक्ष एकराज गिरी, संघ संस्था समन्वय उपसमिति संयोजकमा मञ्चका उपाध्यक्ष सुरज श्रेष्ठ, प्रचार प्रसार तथा सांस्कृतिक उपसमिति संयोजकमा मञ्चका महासचिव राजाराम पौडेल, स्वमसेवक परिचालन तथा निमन्त्रणा व्यवस्थापन उपसमिति संयोजकमा मञ्चका सचिव शशी कुमार पौडेल, आर्थिक संकलन उपसमिति संयोजकमा मञ्चका कोषाध्यक्ष कविता घर्ती मगर, मञ्च व्यवस्थापन उपसमिति संयोजकमा मञ्चका सदस्य एम बि आस्था मगर, फोटोग्राफी तथा भिडियोग्राफी उपसमिति संयोजकमा मञ्चका सदस्य उमेश पुन र क्विक रेसपोन्स उपसमिति संयोजकमा मञ्चका सदस्य राजु गिरीलाई चयन गरिएको छ । मुल आयोजक समितिसँगै गठन भएका उपसमितिलाई पूर्णता दिने जिम्मेवारी चयन भएका संयोजकको रहने तथा आवश्यक परेका थप उपसमिति निर्माण गरिने मञ्चले जनाएको छ।

# ब्रह्माकुमारी राजयोगमा मानसिक शान्ति एवम् खुसियाली जीवनका लागि राजयोग शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय, क्षेत्रीय कार्यालय, नयाँबजार पोखराले साइमन पार्टी प्यालेस पोखराको जाल्पा हलमा वरिष्ठ राजयोगी ब्रह्माकुमार राजु घले को प्रशिक्षण रहने 'मानसिक शान्ति एवम् खुसियाली जीवनका लागि राजयोग शिविर' विषयक पाँच दिवसीय राजयोग प्रशिक्षण कार्यक्रमको समुद्घाटन कार्यक्रम सम्पन्न गरेको छ।

दिनमा तिनवटा सत्र सञ्चालन हुने उक्त कार्यक्रमको जाल्पा हलमा सम्पन्न भएको प्रभातकालीन सत्रका प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री माननीय पञ्चमान गुरुङ ज्यूले आध्यात्मिकता प्रतिको आफ्नो गहिरो रुचि र झुकाव प्रकट गर्दै वर्तमान युगमा बिज्ञानको सहायताबाट अकल्पनीय विकासका काम सम्भव भएतापनि आध्यात्मिकता बिना त्यो अधुरो रहने र मानवमनलाई शान्त र स्थिर बनाउनका लागि मेडिटसन तथा योग अभ्यास अपरिहार्य रहणै कुरामा जोड दिनुभयो । यस प्रशिक्षण कार्यक्रम पोखरेलीहरुका लागि पक्कै नै उपलब्धीमूलक रहने तथा उपस्थित हुने प्रशिक्षार्थीहरु



सबैको जीवन परिवर्तन गर्ने माध्यम बन्नेछ भन्ने कुरामा आफु विश्वस्त रहेको बताउँदै माननीय मन्त्रीले कार्यक्रमको सफलताको शूभकामना व्यक्त गर्नुभयो । जीवनमा धन सम्पत्ती मान सम्मान जति कमाए पनि मनको शान्ति र खुशी भएन भने त्यो सबै अर्थहिन रहको बताउँदै ब्रह्माकुमारीज नेपालका अध्यक्ष राजयोगिनी परिणीता दिदी ज्यूले आज मानवमन अपवित्र र अशान्तमय हुँदै गइरहेको कारण अन्तर्मनमा लागेका क्रोध, लोभ, मोह, अभिमानका दागहरु भएको कुरा बताउनुभयो । दिदी ज्यूले शान्तिको हरेकलाई आवश्यकता हुनुको कारण शान्ति नै सबै मानवआत्माको ओरिजिनल संस्कार रहेको तथा जीवन यात्रा गर्ने क्रममा मनमा लागेको ती फोहोर दाग सफा गर्नको लागि यस्ता महत्वपूर्ण प्रशिक्षणहरु जीवनपरिवर्तनका माध्यम हुन सक्ने भएकोले यो अनमोल अवसर नगुमाउन वहाँले सबैलाई आग्रह गर्नुभयो ।

स्वागत मन्तव्य व्यक्त गर्ने क्रममा संस्थाका महासचिव राजयोगी ब्रह्माकुमार शैलेषराज बराल ज्यूले वर्तमान तनावयुक्त माहोलमा सुखमय र शान्त जीवन बाँच्नका लागि हरेकले आध्यात्मिक पुरुषार्थ तथा अन्तरमनको शुद्धिकरणमा मा सजग रहनुपर्ने बताउनुभयो । मानिसले आज जीवनमा सुख वा दुख जे कुरा भोगिरहेको छ, त्यो कही न कही आफ्नै सोचको उपज हो भन्ने कुरामा जोड दिदै वहाँले भूतकालका घटनाका स्मृती र भावीको चिन्ता गर्नाले आज समाजमा तनाव र दुख बढ्दै गएको बताउनुभयो । प्रकृतिका तत्वहरु, आफ्नो जीवन, परिवार र समाजप्रति न्याय गर्नका लागि हरेक दिन केही समय आध्यात्मिक पुरुषार्थमा लाग्न जरुरी रहेको तथा यस कार्यक्रममा प्रशिक्षक राजु घलेबाट प्राप्त जिवन उपयोगी महत्वपूर्ण टिप्सहरुलाई जीवनमा चिन्तन, मनन र धारण गरेर आफ्नो जीवनमा पूर्णतया खुसी र आनन्द ल्याउन पनि उहाँले आग्रह गर्नुभयो ।

पाँच दिवसीय कार्यक्रमका ओजस्वी प्रशिक्षक ब्र. कु. राजु घले ज्यूले कार्यक्रमको शुभकामना मन्तव्य दिनका साथै प्रथम सत्रमा अति नै उत्साहपूर्वक प्रशिक्षार्थिहरुका लागि जीवन खुशीयाली बनाउने तरिकाका साथै राजयोगको गहन ज्ञानलाई सरल, व्यवहारिक र वैज्ञानिक प्रस्तुती प्रदान गर्नुभयो ।

कार्यक्रममा विशिष्ट अतिथि पोखरा विश्व विद्यालय व्यवस्थापन संकायका डिन दयाराज ढकाल ज्यू लगायत विभिन्न समाजसेवी राजनितिज्ञ, नेतृत्व पंक्तीमा रहेका महानुभावहरु, विभिन्न सघं संस्थाका प्रतिनिधिहरु, ब्रहमाकुमारीज शाखा, उपशाखाका सञ्चालिका दिदी बहिनीहरु सहित करिव पाँचसय जनाको उपस्थिति रहेको थियो । तीन सत्र मध्ये मध्याकालीन सत्र पोखरा १५ शिवचोकमा रहने उक्त कार्यक्रमको कुशलतापूर्वक सञ्चालन राजयोगिनी ब्रह्माकुमारी शोभा दिदीले गर्नुभएको थियो ।

# सुविधा थप्दै जिपी कोइराला उपचार केन्द्र

**पोखरापत्र संवाददाता**
दमौली, ११ चैत

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा अवस्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रले पछिल्लो समययता विभिन्न स्वास्थ्य सुविधा थप गर्दै गएको छ।

दक्षिण एशियाकै उत्कृष्ट श्वासप्रश्वास उपचार केन्द्रका रुपमा स्थापना गर्न सरकारले विसं २०६७ मा पूर्वप्रधानमन्त्री स्व गिरीजाप्रसाद कोइरालाका नाममा राष्ट्रियस्तरको श्वासप्रश्वास उपचार केन्द्र स्थापना गर्ने निर्णय गरेको थियो । सोही ठाउँमा रहेको सेतीगङ्गा सामुदायिक अस्पतालको स्वामित्व विसं २०७५ मा उपचार केन्द्रलाई हस्तान्तरण गरिएको थियो। हाल उपचार केन्द्रको नाममा सात सय ४० रोपनी जग्गा प्राप्ति भइसकेको छ । जनतालाई सहजरुपमा सबै प्रकारका स्वास्थ्य सेवा दिने उद्देश्यसहित सुविधा विस्तार गरिएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले बताउनुभयो। अस्पतालले श्वासप्रश्वासको विशेषज्ञ सेवा सुरुआत गरेको छ । पूर्वप्रधानमन्त्री कोइरालाको १३औँ स्मृति दिवसको अवसर पारेर अस्पतालले विशेषज्ञ चिकित्सकबाट श्वासप्रश्वासको उपचार सेवा सुरु गरेको हो।

हालसम्म जनरल अस्पतालका रुपमा सेवा दिँदै आएको र यस केन्द्रको मुख्य उद्देश्यबमोजिम श्वासप्रश्वाससम्बन्धी विशेषज्ञ सेवा सञ्चालन गरिएको उपचार केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले बताउनुभयो। अस्पतालमा श्वासप्रश्वास सेवाका लागि श्वासप्रश्वास विशेषज्ञ डा शैलेश गुरुङलाई नियुक्त गरिएको छ।

# कोन सहकारीमा साक्षारता कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ११ चैत

कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.को शिक्षा उपसमितिद्धारा सामाजिक उत्तरदायित्व अन्तर्गत हालै समुदायमा कोन सहकारी वित्तिय साक्षारता कार्यक्रम आफ्नै हलमा सम्पन्न भयो।

ग्लोबल मनि सप्ताह कार्यक्रम अर्न्तगत सहकारीले आफ्ना ४५ जना सदस्यहरुलाइ साक्षारता कार्यक्रम गरिएको हो । सहकारीका महाप्रवन्धक सुजता हमालले प्रशिक्षण दिंदै साक्षारता कार्यक्रमले सदस्य र सहकारीविच सकारात्मक वातवरण सृजना हुनेमा जोड दिइन । समय अनुसार कोनवाट उपलव्ध गराउने सेवाहरु नियमित मासिक बचत, मोवाइल बैकिङ, एस एम एस सुविधामा सदस्यहरुको आर्कषण बढ्दै गएकोमा खुशी व्यक्त गरिन् । सदस्यहरुको स्वास्थ्यलाइ ध्यान दिदैं यूआरएल, अन्नपूर्ण प्याथल्यावमा कोनवाट कार्ड बनाएर जाँच गर्न गएमा ३५ प्रतिशत छुट पाइने पनि महाप्रवन्धक हमालले जानकारी दिदै सवैलाइ कार्ड वनाउन पनि अनुरोध गरिन् । सहकारीका निर्वतमान अध्यक्ष एवं मानार्थ संरक्षक शरदकान्त सिग्देल र उपाध्यक्ष माधव प्रसाद सिग्देलले सहजमा रुपमा कार्यक्रममा सहजीकरण गरेका थिए । कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षा उपसमितिका सदस्य गोविन्द प्रसाद सिग्देलले स्वागत र सहकारीका संचालक एव शिक्षा उपसमितिका संयोजक खडक वहादुर गुरुङले संचालन गरेका थिए।




**जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्रै दर्ता गराऔं।**

**साथै**

**नगरपालिकामा दाखिला गर्नुपर्ने सम्पत्ति कर, बहाल कर, उद्योग पेशा व्यवसाय कर, सरसफाई, सेवा शुल्क तथा विज्ञापन शुल्क समयमै दाखिला गरी जरिवानाबाट बचौं।**

*समयमा नै कर दाखिला गरी सभ्य नागरिकको परिचय दिऔं।*

**ढोरपाटन नगरपालिका**
**गण्डकी प्रदेश**
**बुर्तीवाङ, बागलुङ**
**फोन नं: ०६८-४१०१८०, ४१०१८१**